नेपाल सरकार

# रक्षा मन्त्रालय

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८२/८३** **महिना: श्रावण**

### क. प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | कर्मचारी प्रशासन शाखा | - २०८२।४।०५ गते बसेको सचिव बैठकमा भएको निर्णयको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाईएको,<br>- नेपाली सेनाबाट सिफारिस भईआएबमोजिम सरुवा, बढुवा लगायत कार्यसम्पादन गरिएको । *(नियमित बढुवा ०७ जना, मानार्थ बढुवा ०१ जना, सरूवा ०८ जना, पदावधि थप ०१ जना, आयुक्त प्रदान- ०२ जना र राजिनामा ०६ जना)* |
| २ | शासकीय सुधार तथा मानव संसाधन विकास शाखा | - मन्त्रालयले नेपाली सेनातर्फ (सकलदर्जा) ३१ जना (तालिम, सेमिनार/ कन्फरेन्स/वर्कसप कार्यक्रम) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको साथै मनोनित उम्मेदवारका आश्रित परिवारका सदस्य २६ जनाको लागि भिसा समेत सिफारिस गरिएको, |

### ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | योजना तथा सैनिक कल्याण शाखा | - मा. रक्षामन्त्रीज्यूको एकवर्षे कार्यकालको प्रगति विवरण तथा आ. व. २०८१/८२ को वार्षिक प्रगति विवरण सार्वजनिक गरिएको,<br>- काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना (KTFT) मा काम गर्ने विदेशी कामदारका लागि आवश्यक पर्ने गैरपर्यटक भिसा, कार्यसहमति र श्रम इजाजत र जग्गा भोगाधिकार, रुखकटान र Master Procurement List बमोजिमका विभिन्न सामाग्रीहरु पैठारीका |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | लागि सम्बद्ध निकायहरूमा आवश्यक सहजीकरणका लागि पत्राचार गरिएको,<br>- नेपालको संविधानको धारा ५३ बमोजिमको प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, |
| २ | शान्तिसेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरूमा सहभागी हुनका लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा १९२ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, १५५ जनाको विशेष राहदानी सिफारिस, १९ जनाको भिसा सिफारिस गरिएको, |
| ३ | सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा | - सूचनाको हकसम्बन्धी ऐनले गरेको व्यवस्था बमोजिम आ.व. २०८१/०८२ को अन्तिम त्रैमासिक अवधिमा भए गरेका कामको प्रगति विवरण (Pro-active Disclosure) सार्वजनिक गरिएको,<br>- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) कार्यान्वयन गर्ने सम्बन्धमा प्रयोगकर्ता व्यवस्थापन (प्रयोगकर्ता सिर्जना, भूमिका व्यवस्थापन) लगायतमा आवश्यकता अनुसार सहजीकरण गरिएको,<br>- मन्त्रालयको वेबसाइट अद्यावधिक गरिएको, |

## ग. कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | कानून तथा फैसला कार्यान्वयन शाखा | - **"सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२"** को मस्यौदा तर्जुमा तथा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,<br>- **"राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**को मस्यौदा राय/सहमतिको लागि अर्थ मन्त्रालयमा पुन: पठाइएको, |
| २ | मानवअधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा | - हेलो सरकारबाट प्राप्त ०३ वटा गुनासो व्यवस्थापनका लागि नेपाली सेना जंगी अड्डामा लेखी पठाइएको र सोमध्ये ०१ गुनासोको सम्वन्धमा नेपाली सेनाको जवाफ सहित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएको,<br>- राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय कार्यान्वयनका लागि प्राप्त विभिन्न ११ सिफारिस मध्ये ०१ सिफारिस आवश्यक कार्यान्वयनको |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | लागि नेपाली सेनावाट पात्र जवाफ सहित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएको, |

## घ. व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १ | आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा | - मन्त्रालयको चालु आ.व. २०८२/८३ को वार्षिक खरिद योजना स्वीकृत भई मसलन्द सामग्री र विद्युतीय स्कुटर लगायतका खरिद प्रक्रिया सुरू गरिएको,<br>- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको र Digital Signature खरिदको लागि खरिद प्रक्रिया अगाडि बढाइएको,<br>- आ.व.२०८१/८२ को जिन्सी निरीक्षणको कार्य सम्पन्न भएको।<br>- VVIP उडान, हेली उद्दार, सुरक्षा प्रबन्ध तथा ड्रोन उडानको लागि आवश्यक सहजीकरण गरिएको, |
| २ | आर्थिक प्रशासन शाखा | - तलवी प्रतिवेदन पारित गरिएको,<br>- चालु खर्च ०.२६% भएको र पुजीगत खर्च नभएको, |
| ३ | खरिद व्यवस्थापन शाखा | - विभिन्न १२ जलविद्युत् आयोजना तथा ०१ सडक आयोजनाको लागि आवश्यक विस्फोटक पदार्थ खरिद/आयात,ढुवानी,भण्डारण तथा व्यवस्थापन सम्वन्धमा नेपाल सरकार गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलव्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको,<br>- नेपाली सेनासंग सम्वन्धित विभिन्न सामग्री आयात गर्दा लाग्ने भन्सार महशुल छुटका लागि आवश्यकता अनुसार सम्बन्धित निकायहरुमा पत्राचार एवम् सहजीकरण गरिएको । |

**मिति: २०८२/०५/०९**